# कर्णाली प्रदेश खेलकुद बिकास परिषद्को सदस्य-सचिव छनौट सम्बन्धी मापदण्ड, २०८२

__प्रस्तावना:__ कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा १२ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिव नियुक्तिको सिफारिस प्रक्रियालाई व्यवस्थित, प्रतिस्पर्धी र पारदर्शी बनाई उपयुक्त उम्मेदवारको छनौट गर्न कर्णाली प्रदेश सुशासन ऐन, २०७६ को दफा १३ बमोजिम सामाजिक विकास मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. __संक्षिप्त नाम र प्रारम्भ:__ (१) यस मापदण्डको नाम "कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिव छनौट सम्बन्धी मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. __परिभाषा:__ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन" भन्नाले कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले ऐनको दफा ६ बमोजिम गठित कर्णाली प्रदेश खेलकुद विकास परिषद् सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "सदस्य-सचिव" भन्नाले ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य-सचिव सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको सिफारिस समिति सम्झनु पर्छ।

(च) "राष्ट्रिय खेलकुद" भन्नाले राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरेको वा राष्ट्रिय खेलकुद परिषद् बाट अनुमती लिई राष्ट्रिय खेल संघले आयोजना गरेको खेलकुद प्रतियोगिता सम्झिनुपर्दछ ।

(छ) "अन्तराष्ट्रिय खेलकुद" भन्नाले ओलिम्पिक, विश्वकप वा कुनै विधागत खेलको राष्ट्रिय टोलीबाट प्रतिनिधित्व गरेको वा राष्ट्रिय खेलकुद संघले सहभागिताका लागि आधिकारीक रुपमा पठाएको अन्तराष्ट्रियस्तरको प्रतियोगिता सम्झनुपर्दछ ।

३. __सिफारिस समिति:__ (१) ऐनको दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम सदस्य-सचिव नियुक्तिका लागि प्रदेश सरकारलाई सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ:-

(क) प्रदेश सचिव -संयोजक

(ख) मन्त्रालयबाट मनोनित दुईजना विज्ञ -सदस्य



प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

(२) युवा तथा खेलकुद महाशाखाको प्रमुखले सिफारिस समितिको सदस्य-सचिव भई कार्य गर्नेछ।

(३) समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सदस्य-सचिव छनौटका लागि मूल्याङ्कनका आधारहरू निर्धारण गर्ने।

(ख) यस मापदण्ड बमोजिम तय गरिएका सूचकका आधारमा दरखास्त पेश गर्ने उम्मेदवारको मूल्याङ्कन गरी ऐन बमोजिम अधिकतम अङ्क प्राप्त गर्ने तीनजना उम्मेदवारको नाम मन्त्रालयमा सिफारिस गर्ने ।

५. <u>आवश्यक योग्यताः</u> प्रदेश खेलकुद परिषद्को सदस्य-सचिवको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कर्णाली प्रदेशको स्थायी वासिन्दा भएको,

(ग) पच्चीस वर्ष उमेर पूरा भएको,

(घ) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भएको,

(ङ) खेलकुदको क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव प्राप्त भएको र

(च) प्रचलित कानूनले अयोग्य नभएको।

६. <u>दरखास्त आव्हानः</u> (१) मन्त्रालयले प्रदेश खेलकुद परिषद्को सदस्य-सचिवको नियुक्तिका लागि सिफारिस गर्न १५(पन्ध्र) दिनको अवधि दिई योग्य आवेदकहरूबाट दरखास्त आव्हान गर्नेछ। यसरी आव्हान भएको सूचना मन्त्रालयले आफ्नो सूचना पाटी, वेबसाईट, मातहतका निकाय एवम् कार्यालयहरूको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२) दरखास्त दिनका लागि आवश्यक न्यूनतम योग्यता पुगेका उम्मेदवारले निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्र र सूचनामा तोकिए बमोजिमका न्यूनतम शैक्षिक योग्यता र अनुभव लगायतका कागजात वा प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ।

७. <u>उम्मेदवारको मूल्याङ्कनका आधारः</u> (१) दफा ६ बमोजिम आव्हान गरेको सूचना बमोजिम निवेदन पेश गर्ने उम्मेदवारहरूको देहायका आधारमा मूल्याङ्कन गरी मन्त्रालयले प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नेछः-

(क) न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत बापत -३०(तीस) अङ्क



प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

(ख) न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता बापत -१०(दश) अङ्क

(ग) खेलकुद क्षेत्रमा अनुभव प्राप्त भएमा -२०(बीस) अङ्क (खेलकुदका क्षेत्रमा विधागत तालिम प्रशिक्षण लिएको, खेल व्यवस्थापनको अनुभव भएको वा खेल संघमा प्रतिनिधित्व भएको प्रमाण)

(घ) कुनै अन्तराष्ट्रिय तथा राष्ट्रिय खेलकुदमा सहभागी भई बिजेता भएको भएमा - २० (बीस) अङ्क

(ङ) अन्तरवार्ता -२० (बीस) अङ्क

(२) उपदफा (१) को खण्ड (क) बमोजिम न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रतिशत बापतको अङ्क निर्धारण गर्दा देहाय बमोजिमको सुत्रको प्रयोग गरिनेछः-

$$\frac{\text{न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत} \times ३०}{१००}$$

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम माथिल्लो शैक्षिक योग्यता बापतको अङ्क निर्धारण गर्दा देहाय बमोजिमको सुत्रको प्रयोग गरिनेछः-

$$\frac{\text{माथिल्लो शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत} \times १०}{१००}$$

(४) उपदफा (२) र (३) बमोजिम अङ्क निर्धारण गर्दा क्युमुलेटिभ ग्रेड पोइन्ट एभरेज (सि.जि.पि.ए) मा लब्धाङ्क हुने निवेदकको हकमा सम्बन्धित विश्वविद्यालयले निर्धारण गरेको प्रतिशतका आधारमा र सम्बन्धित विश्वविद्यालयले (सि.जि.पि.ए.) का लागि निर्धारण गरेको प्रतिशतका आधारमा गर्नेछ।

(५) उम्मेदवारले खेलकुद क्षेत्रमा पाँच वर्ष अनुभव प्राप्त गरेको भएमा एकमुष्ट १० अङ्क र त्यसभन्दा बढी अनुभव गरेको भएमा प्रतिवर्ष १ अङ्कका दरले बढीमा थप दश अङ्कसम्म प्रदान गरिनेछ।

(६) उम्मेदवारले कुनै अन्तर्राष्ट्रिय खेलकुदमा सहभागी भई स्वर्ण, रजत र कास्य पदक विजेता भएको भएमा एकमुष्ट १० अङ्क, सहभागिता मात्र जनाएको भएमा ५ अङ्क प्रदान गरिनेछ । राष्ट्रियस्तरको हकमा स्वर्ण पदक हासिल गरेको भएमा एकमुष्ट १० अङ्क, रजत पदक हासिल गरेको भएमा लागि एकमुष्ट ६ अङ्क र कास्य पदक हासिल गरेको भएमा एकमुष्ट ३ अङ्क प्रदान गरिनेछ।

(७) उपदफा (१) बमोजिमको प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन गर्दा दरखास्त पेश गर्ने उम्मेदवारहरूको संख्या १० वा सोभन्दा कम भएमा मन्त्रालयले सबै उम्मेदवारहरूको नाम प्रारम्भिक योग्यताक्रमको सूचीमा समावेश गर्न सक्नेछ। आवेदन पेश



प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

गर्ने उम्मेदवारहरूको संख्या १० भन्दा बढी भएमा यस दफा बमोजिमको मूल्याङ्कनबाट अधिकतम अङ्क प्राप्त गर्ने १० जनालाई मात्र प्रारम्भिक सूचीमा समावेश गर्नेछ।

(८) उपदफा (७) बमोजिम प्रारम्भिक सूचीमा समावेश भएका उम्मेदवार मात्र दफा ८ बमोजिमको अन्तरवार्तामा सहभागी हुन योग्य हुनेछन्।

८. <u>अन्तरवार्ता:</u> (१) दफा ७ को उपदफा (८) बमोजिम प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्दा मन्त्रालयले अन्तरवार्ता हुने मिति, समय र स्थान समेत उल्लेख गरी सूचना प्रकाशन गर्नेछ।

(२) अन्तरवार्तामा सहभागी हुने उम्मेदवारहरूको व्यक्तित्व, आचरण, व्यवहार, विषयवस्तुको ज्ञान समेतको मूल्याङ्कन गरी अन्तरवार्ताकारले दफा ७ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कूल अङ्कको अधिकतम ७० प्रतिशत र न्यूनतम ५० प्रतिशत अङ्क प्रदान गर्नेछ।

९. <u>अन्तिम नतिजा प्रकाशन:</u> दफा ७ बमोजिमको मूल्याङ्कनबाट प्राप्त अङ्क र दफा ८ बमोजिम अन्तरवार्ताबाट प्राप्त अङ्क समेत जोडी अधिकतम अङ्क हासिल गर्ने तीनजना उम्मेदवारलाई समितिले मन्त्रालयसमक्ष सिफारिस गर्नेछ। सिफारिस भएका उम्मेदवारहरूको जानकारी मन्त्रालयले आफ्नो सूचना पाटीमार्फत् सार्वजनिक गर्नेछ।

१०. <u>कानून बमोजिम हुने:</u> यस मापदण्डमा उल्लेख भएको विषयको हकमा यसै मापदण्ड बमोजिम र अन्य विषयको हकमा ऐन र प्रचलित कानून बमोजिम हुनेछ।

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री